# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुस ७ गते, २०७९ साल (संख्या १८

# भाग २

## स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

### नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको
सूचना

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## ईन्द्रावती गाउँपालिकाको सचिवालय व्यवस्थापन कार्यविधि, २०७९

# ईन्द्रावती गाउँपालिका सचिवालय व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना**

ईन्द्रावती गाउँपालिका अध्यक्षको सचिवालयलाई व्यवस्थित गर्न ईन्द्रावती गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम यो कार्यविधि गाउँ कार्यपालिकाको मिति २०७९।०९ ।०७ गते वसेको कार्यपालिका वैठकले स्वीकृत गरि यो कार्यविधि तर्जूमा गरिएको छ ।

## परिच्छेद १

### १ . संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम ईन्द्रावती गाउँपालिका सचिवालय व्यवस्थापन कार्यविधि २०७९ रहेको छ ।

ख) यो कार्यविधि ईन्द्रावती गाउँपालिका भरी लागु हुनेछ ।

ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

## परिच्छेद २

## परिभाषा

क) अध्यक्ष भन्नाले ईन्द्रावती गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

ख) सचिवालय भन्नाले अध्यक्ष मातहत रहेको अध्यक्षको सचिवालय सम्झनु पर्दछ ।

ग) उपाध्यक्ष भन्नाले ईन्द्रावती गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) प्रमुख राजनीतिक सल्लाहकार भन्नाले गाउँकार्यपालिकाले अधिकार प्रत्यायोजन गरि गाउँपालिकाका अध्यक्षवाट मनोनित व्यक्ति सम्झनु पर्दछ ।

च) कार्यपालिका भन्नाले ईन्द्रावती गाउँपालिकाकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद ३

## सचिवालय दरवन्दी र संरचना

क) सचिवालयमा एक प्रमुख राजनीतिक सल्लाहकारको पद रहनेछ ।

ख) प्रमुख राजनीतिक सल्लाहकार पद अवैतनिक रहनेछ ।

घ) प्रमुख राजनीतिक सल्लाहकारलाई नियमित मासिक पारिश्रमिक र तलव उपलव्ध हुने छैन । तर कुनै समिति उपसमितिको वैठकमा आमन्त्रीतको रुपमा वोलाइएमा वैठक भत्ता उपलव्ध गराउन वाधा पर्ने छैन ।

छ) सचिवालयमा गाउँपालिकाले तोकेको एक जना विविध सेवाको कम्प्यूटर अपरेटर ( सहायक स्तर पाचौ ) तहको कर्मचारी रहनेछ । निजको पारिश्रमिक सेवा सुविधा दैनिक ज्यालादारीमा आधारित हुनेछ

ज) सचिवालयमा एक जना कार्यालय सहयोगी रहनेछ ।

झ) कार्यालय सहयोगीको सेवा सुविधा प्रचलित कानुनमा उल्लेख भए वमोजिम हुनेछ ।

ञ) सचिवालयमा रहने दरवन्दी संरचना देहाय वमोजिम रहने छ ।

| सि नं | पद | दरवन्दी संख्या | तह | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख राजनीतिक सल्लाहकार | १ | रा.प द्धितिय वा सो सरह | |
| ३ | कप्यूटर अपरेटर | १ | सहायक पाचौ | |
| ४ | कार्यालय सहयोगी | १ | श्रेणी विहिन | |

## परिच्छेद ४

## नियुक्ति प्रकृया र परिचालन

क) प्रमुख राजनीतिक सल्लाहकार पदमा गाउँ कार्यपालिकाले निर्णय गरि मनोनित गर्न सक्नेछ ।

ग) सम्भव भए सम्म सचिवालयमा रहने सहायक स्तर पाचौ (कम्प्यूटर अपरेटर) र कार्यालय सहयोगी पद कार्यालयमै रहेका मौजुदा कर्मचारीवाट परिचालन गर्नु पर्नेछ । कार्यालयमा मौजुदा कर्मचारी नभएम । स्वीकृत दरवन्दी भित्र रहेर  करार सेवावाट वा दैनिक ज्यालादारीमा पदपुर्ति गर्न सकिनेछ ।

घ) निजहरुको परिचालन र व्यवस्थापन गाउँपालिका कार्यालयवाट गरिनेछ ।

# परिच्छेद ५

# सचिवालयमा रहने राजनीतिक सल्लाहकार, र सहायक स्तरका कर्मचारीहरुको काम कर्तव्य र अधिकार ।

## १) प्रमुख राजनीतिक सल्लाहकार

क) आवश्यकता वमोजिम अध्यक्ष उपाध्यक्षलाई राय सल्लाह सुझाव उपलव्ध गराउने

ख) गाउँ सभा , गाउँ कार्यपालिका र विभिन्न विषयगत समितिवाट निर्णय र राय माग भएका विषयमा राय उपलव्ध गराउने ।

ग) आवश्यक अन्य विषयमा राय सल्लाह सुझाव प्रदान गर्ने ।

घ) गाउँ सभा ,गाउँ कार्यपालिका र अध्यक्षको निर्णय वमोजिम गठित समितिमा रही कार्य गर्ने ।

# परिच्छेद ६

# प्रमुख राजनीतिक सल्लाहकारको योग्यता र समाप्ती

## १) प्रमुख राजनीतिक सल्लाहकारको योग्यता

क) ४५ वर्ष उमेर पुरा भएको

ख) कम्तिमा स्नातक तह उर्तिण गरेको

ग) कुनै सरकारी लाभ प्राप्त गर्ने गरी वहाल नरहेको

घ) गाउँपालिकाको स्थायी वासिन्दा भएको

## २) समाप्ति

क) मृत्यू भएमा ,

ख) निजले राजिनामा दिएमा ,

ग) गाउँ कार्यपालिकाले निर्णय गरि हटाएमा ,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार ठहरीएमा

## परिच्छेद ७

## विविध

क) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै वाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ

ख) यो कार्यविधि लागु हुनु भन्दा अघि सचिवालयमा प्रमुख राजनीतिक सल्लाहकार सचिवालय प्रशासन प्रमुख र सहायक स्तरका कर्मचारी रहेको भए यसै कार्यविधि वमोजिम हुनेछन ।

ग) सचिवालय व्यवस्थापनको लागि आवश्यक मसलन्द फर्निचर लगायतका कार्यालय संचालनको लागि चाहिने रकम र सामाग्री गाउँपालिका कार्यालयले उपलव्ध गराउनेछ ।

प्रमाणिरण मिति: २०७९/०९/०७

आज्ञाले,

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत